माण्डवी गाउँपालिकाको

आर्थिक वर्ष ०८३/८४ को

# आर्थिक ऐन २०८३

| | |
|---|---|
| गाउँ सभाबाट स्वीकृत मिति | २०८३/०३/१० |

माण्डवी गाउँपालिका

प्यूठान जिल्ला

लुम्बिनी प्रदेश

२०८३

माण्डवी गाउँपालिका

## माण्डवी गाउँपालिकाको आर्थिक ऐन , २०८३
## माण्डवी गाउँपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन २०८३

प्रस्तावनाः माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम माण्डवी गाउँ सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस विधेयकको नाम **"माण्डवी गाउँपालिकाको आर्थिक ऐन, २०८३"** रहेको छ।
(२) यो विधेयक २०८३ साल श्रावण १ गतेदेखि माण्डवी गाउँपालिका क्षेत्रमा लागू हुनेछ।
**२. सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।
**३. भूमि कर (मालपोत)** : गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ। (एकीकृत सम्पत्ती कर लगाएको अवस्थामा भूमि कर नलाग्ने)
**४. घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।
**५. व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।
**६. जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।
**७. सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।
**८. विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।
**९.मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।
**१०. बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।
**११. पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि ( १०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१२. ट्रेकिङ, कोयोकिड, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र्याफ्टीङ शुल्क :** गाउँपालिका आफ्नो क्षेत्रभित्र ट्रेकिङ, कायोकिड, क्यानोइङ, बन्जी जम्पिङ, जिपफ्लायर र याफ्टीङ सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१३. सेवा शुल्क, दस्तुरः** गाउँपालिका निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (१२) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१४. पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लेखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

**१५. कर छुटः** यस बिधेयक बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन। तर अनुसूची-१२ बमोजिम विशेष कर छुट तथा जरिवाना हुनेछ।

**१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो विधेयकमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ।

मापङ्वी गाउँपालिका

## अनुसुचि १

## एकीकृत सम्पति कर

**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउन सक्ने सम्पत्ति करको दर**

| क्र.सं. | विवरण | वार्षिक करको दर |
|---|---|---|
| १ | ५ लाख सम्म | रु. ३०० |
| २ | ५ लाख १ देखि १० लाख सम्म | रु. ५०० |
| ३ | १० लाख १ देखि २० लाख सम्म | ०.०५६ % |
| ४ | २० लाख १ देखि ५० लाख सम्म | ०.०७ % |
| ५ | ५० लाख १ देखि १ करोड सम्म | ०.१ % |
| ६ | १ करोड १ देखि २ करोड सम्म | ०.१५ % |
| ७ | २ करोड १ देखि ५ करोड सम्म | ०.२ % |
| ८ | ५ करोडभन्दा माथि | ०.२५ % |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्र एकीकृत सम्पत्ति कर मात्र लगाउनु पर्ने कानुनी प्रावधान रहेकोले सोहि अनुसार माण्डवी गाउँपालिकाले एकीकृत सम्पति करलाई नै निरन्तरता दिएको छ ।

**माण्डवी गाउँपालिकाको तपशिल बमोजिम वडाहरु अन्तर्गतका जग्गाको न्युनतम मुल्याङकन**

# १) वडा नं. १, तिराम

**माण्डवी गाउँपालिका वडा नं १ अन्तर्गतका जग्गाहरुको न्युनतम मुल्यांकन**

| क्र.सं. | सडक/क्षेत्र | बर्गिकरण क्षेत्र | मुल्यांकन रकम रु. (प्रति रोपनी) |
|---|---|---|---|
| १ | साविकको तिराम गा.वि.स. वडा नं ३ र ४ मा पर्ने पक्की सडकको दायाँबायाँका जग्गाहरु | व्यवसायिक | ५००,००० |
| | | आवासीय/खेतीयोग्य जग्गाहरु | ५००,००० |
| | | कृषि/पाखो/खरबाझो | ३००,००० |
| २ | साविक तिराम गा.वि.स. वडा नं २ र ३ मा पर्ने कुमालटार कात्तिके देखि कोन्द्राचौर मुर्कुटी ढिकावन सडकको दायाँबायाँको जग्गाहरु | व्यवसायिक | २५०,००० |
| | | आवासीय | २५०,००० |
| | | कृषि | २५०,००० |
| ३ | साविक तिराम गा.वि.स वडा नं १ र ३ पर्ने देविस्थान घोराहि पक्कि सडकको दायाँबायाँका जग्गाहरु | व्यवसायिक | २५०,००० |
| | | आवासीय | २५०,००० |
| | | कृषि | १५०,००० |
| ४ | साविक तिराम गा.वि.स. वडा नं २ र ३ पर्ने आन्तरिक सडक डाम्रीखोला गणेश मा.वि. देखि खरिवाङ सडकको दायाँबायाँ जग्गाहरु | व्यवसायिक | १८०,००० |
| | | आवासीय | १७०,००० |

माण्डवी गाउँपालिका

| | | | |
|---|---|---|---|
| | | कृषि | १५०,००० |
| ५ | साविक तिराम गा.वि.स. वडा नं २ मा पर्ने खैरेनि तिमीले गणेश मा.वि सडकको दायाँबायाँ जग्गाहरु | व्यवसायिक | १५०,००० |
| | | आवासीय | १५०,००० |
| | | कृषि | १५०,००० |
| ६ | साविक तिराम गा.वि.स वडा नं २ र ३ पिपलडाँडा गणेश मा.वि सडकको दायाँबायाँ जग्गाहरु | व्यवसायिक | १३०,००० |
| | | आवासीय | १२०,००० |
| | | कृषि | १००,००० |
| ७ | साविक तिराम गा.वि.स वडा नं १ लामपोखरी चर्पिङडाडा सडकको दायाँबायाँ जग्गाहरु | व्यवसायिक | २००,००० |
| | | आवासीय | २००,००० |
| | | कृषि | २००,००० |
| ८ | सडकले नछोएको आवासीय जग्गाहरु | आवासीय | ८०,००० |
| ९ | सडकले नछोएको कृषि योग्य जग्गाहरु (साविक तिराम १ र ४ को जग्गाहरु) | अब्बल (खेत) | ७०,००० |
| | | अब्बल (पाखो) | ३०,००० |
| | | दोयम (खेत) | ३५,००० |
| | | दोयम (पाखो) | ३०,००० |
| | | सिम (खेत) | ३०,००० |
| | | सिम (पाखो) | २५,००० |
| | | चाहर (खेत) | २५,००० |
| | | चाहर (पाखो) | २०,००० |
| | | प्रति/बाँझो खर | १५,००० |
| १० | सडकले नछोएको कृषि योग्य जग्गाहरु (साविक तिराम २ र ३ को जग्गाहरु) | अब्बल (खेत) | १,२५,००० |
| | | अब्बल (पाखो) | ४०,००० |
| | | दोयम (खेत) | १,२०,००० |
| | | दोयम (पाखो) | ४०,००० |
| | | सिम (खेत) | ९५,००० |
| | | सिम (पाखो) | ३०,००० |
| | | चाहर (खेत) | ८५,००० |
| | | चाहर (पाखो) | २५,००० |
| | | प्रति/बाँझो खर | १५,००० |

माण्डवी गाउँपालिका

# २) वडा नं. २, मर्कावाङ

| माण्डवी गाउँपालिका वडा नं २ अन्तर्गतका जग्गाहरुको न्युनतम मुल्यांकन | | | |
|---|---|---|---|
| **क्र.सं.** | **सडक/क्षेत्र** | **बर्गिकरण क्षेत्र** | **प्रस्तावित मुल्यांकन रकम रु. (प्रति रोपनी)** |
| १ | साविकको मर्कावाङ वडा नं ४ को हेल्थपोस्ट देखि गा.वि स भवन छात्रावास देखि ढोड खोला देखि ठूलोखेत सम्मको मोटरबाटोको दायाँबायाँ जग्गाहरु | व्यवसायिक | ४५०,००० |
| | | आवासीय | ४५०,००० |
| | | कृषि | ४५०,००० |
| २ | साविकको मर्कावाङ गा.वि.स. वडा नं. ९ को खुक्ली खोलादेखि ढिकावन हुदै उदयपुरकोटको सिमानासम्मको मोटरबाटो दायाँबायाँ जग्गाहरु | व्यवसायिक | २००,००० |
| | | आवासीय | २००,००० |
| | | कृषि | २००,००० |
| ३ | साविकको मर्कावाङ वडा नं ४ सालघारी खेतदेखि सुन्नानी मा. वि. सम्मको छात्रावाससम्मको मोटरबाटोले छोएको दायाँबायाँ जग्गाहरु | व्यवसायिक | ३००,००० |
| | | आवासीय | ३००,००० |
| | | कृषि | ३००,००० |
| ४ | साविकको मर्कावाङ वडा नं ३ दोबाटो देखी वडा नं. ४ सालघारी खेतसम्म सम्मको मोटरबाटो दायाँबायाँका जग्गाहरु | व्यवसायिक | ४००,००० |
| | | आवासीय | ४००,००० |
| | | कृषि | ४००,००० |
| ५ | सावीकको मर्कावाङ वडा नं ४ को ठाडो खोल्सी गुवे खोलादेखी वडा नं ४ को सिमाना सम्मको मोटरबाटोको दायाँबायाँका जग्गाहरु | व्यवसायिक | १००,००० |
| | | आवासीय | १००,००० |
| | | कृषि | १००,००० |
| ६ | साविक मर्कावाङ वडा नं ५ सिमलगैरा देखी वडा नं. ६ र ७ हुदै दाङको सिमानासम्मको सडकको दायाँबायाँका जग्गाहरु | व्यवसायिक | १००,००० |
| | | आवासीय | ८०,००० |
| | | कृषि | ५०००० |
| ७ | देविस्थान तिराम मुर्कुटी घोराही सडक अन्तर्गत साविक मर्कावाङ वडा नं. १ र २ वडामा पर्ने सडकको दायाँबायाँका जग्गाहरु | व्यवसायिक | २००,००० |
| | | आवासीय | २००,००० |
| | | कृषि | २००,००० |
| ८ | साविक मर्कावाङ वडा नं ८ मिलनचोक देखि काभ्रे माताटोलसम्म सडकको दायाँबायाँका जग्गाहरु | व्यवसायिक | २५०,००० |
| | | आवासीय | २००,००० |
| | | कृषि | १००,००० |
| ९ | साविक मर्कावाङ वडा नं ३ सिमाना देखि धनचौर हुदै गोलवाङ पुरानो खानेपानी ट्यांकी सम्म सडकको दायाँबायाँका जग्गाहरु | व्यवसायिक | २००,००० |
| | | आवासीय | १५०,००० |
| | | कृषि | १००,००० |
| १० | साविक मर्कावाङ वडा नं २ को बेलीपोखरा देखि खाल हुदै वडा नं. १ ढाडसम्म जाने सडकको दायाँबायाँका जग्गाहरु | व्यवसायिक | १५०,००० |
| | | आवासीय | १००,००० |

| | | | |
|---|---|---|---|
| | | कृषि | ६०,००० |
| ११ | साविक मर्कावाङ वडा नं ४ ढोडखोला देखि ठुलिलेख सम्मको सडकको दायाँबायाँका जग्गाहरु | व्यवसायिक | १५०,००० |
| | | आवासीय | १००,००० |
| | | कृषि | ६०,००० |
| १२ | साविक मर्कावाङ वडा नं ६ देखि पुकरुक ओडार हुदै खुक्लीचौरसम्म सडकको दायाँबायाँका जग्गाहरु | व्यवसायिक | २००,००० |
| | | आवासीय | १५०,००० |
| | | कृषि | १००,००० |
| १३ | सडकले नछोएको आवासीय जग्गाहरु | आवासीय | ८०,००० |
| १४ | सडकले नछोएको कृषि योग्य जग्गाहरु (साविक मर्कावाङ १ देखि ९ को जग्गाहरु) | अब्बल (खेत) | १,२५,००० |
| | | अब्बल (पाखो) | ८०,००० |
| | | दोयम (खेत) | १,२०,००० |
| | | दोयम (पाखो) | ८०,००० |
| | | सिम (खेत) | ९५,००० |
| | | सिम (पाखो) | ७०,००० |
| | | चाहर (खेत) | ८५,००० |
| | | चाहर (पाखो) | ६०,००० |
| | | प्रति/बाँझो खर | १६,००० |

# ३) वडा नं. ३, नयाँगाउँ

| **माण्डवी गाउँपालिका वडा नं ३ अन्तर्गतका जग्गाहरुको न्युनतम मुल्यांकन** | | | |
|---|---|---|---|
| **क्र.सं.** | **सडक/क्षेत्र** | **बर्गिकरण क्षेत्र** | **न्युनतम मुल्यांकन रकम रु. (प्रति रोपनी)** |
| १ | साविक नयाँगाउ गा.वि. स. वडा नं. २, ३,४ र ५ को पक्कि सडकले छोएको दायाँबायाँका जग्गाहरु | व्यवसायिक | १६,००,००० |
| | | आवासीय | १६,००,००० |
| | | कृषि | १६,००,००० |
| २ | साविक नयाँगाउ गा.वि. स. वडा नं. २, ३,४ र ५ को पक्कि सडकको दायाँबायाँ बाहेकका भित्रि जग्गाहरु | आवासीय | ५००,००० |
| ३ | साविक नयाँगाउ गा.वि. स. वडा नं. ६, ७,८ र ९ को पक्कि सडकले छोएको दायाँबायाँ जग्गाहरु | व्यवसायिक | १६,००,००० |
| | | आवासीय | १६,००,००० |
| | | कृषि | १६,००,००० |
| ४ | साविक नयाँगाउ गा.वि. स. वडा नं. ६, ७,८ र ९ को पक्कि सडकको दायाँबायाँ बाहेकका भित्रि जग्गाहरु | आवासीय | ४००,००० |
| ५ | साविकको नयाँगाउँ गा.वि स वडा नं १ देविस्थान बजारमा पर्ने प्यूठान भालुबाङ पक्कि सडक खण्डले छोएको दायाँबायाँ जग्गाहरु | व्यवसायिक | २४,००,००० |
| | | आवासीय | २४,००,००० |

माण्डवी गाउँपालिका

| | | | |
|---|---|---|---|
| | | कृषि | २४,००,००० |
| ६ | साविकको नयाँगाउँ गा.वि स वडा नं १ देविस्थान बजारमा पर्ने भालुबाङ- प्यूठान -रोल्पा पक्कि सडक खण्डको दायाँबायाँ बाहेकका भित्रि जग्गाहरु | व्यवसायिक | ४००,००० |
| | | आवासीय | ३००,००० |
| ७ | साविकको नयाँगाउँ गा.वि स वडा नं १ जस्पुर बजारमा पर्ने भालुबाङ- प्यूठान रोल्पा पक्कि सडक खण्डले छोएको दायाँबायाँ जग्गाहरु | व्यवसायिक | ३२,००,००० |
| | | आवासीय | ३२,००,००० |
| | | कृषि | ३२,००,००० |
| ८ | साविकको नयाँगाउँ गा.वि स वडा नं १ जस्पुर बजारमा पर्ने भालुबाङ- प्यूठान रोल्पा पक्कि सडक खण्ड सडकको दायाँबायाँ बाहेकका भित्रि जग्गाहरु | व्यवसायिक | ६००,००० |
| | | आवासीय | ५००,००० |
| ९ | लामाचौर बजार क्षेत्र पक्की सडक छोएका सहायक बाटोले छोएको दायाँबायाँ जग्गाहरु | व्यवसायिक | १०,००,००० |
| | | आवासीय | ८००,००० |
| | | कृषि | ८००,००० |
| १० | लामाचौर बजार क्षेत्र पक्की सडक छोएका सहायक बाटोको दायाँबायाँ बाहेकका भित्रि जग्गाहरु | आवासीय | ५००,००० |
| ११ | मार्सिवाङ खेलकुद मैदान जाने मोटर बाटोले छोएको दायाँ बाँया पर्ने जग्गाहरु | व्यवसायिक | ६००,००० |
| | | आवासीय | ५००,००० |
| | | कृषि | ५००,००० |
| १२ | मार्सिवाङ खेलकुद मैदान जाने मोटर बाटोको दायाँबायाँ बाहेकका भित्रि जग्गाहरु | आवासीय | ३५०,००० |
| १३ | पखराचौर देखि स्वर्गद्वारी न.पा. सिमा सम्म जोड्ने मोटरबाटोले छोएको दायाँ बायाँका जग्गाहरु | व्यवसायिक | ४५०,००० |
| | | आवासीय | ४००,००० |
| | | कृषि | ४००,००० |
| १४ | पखराचौर देखि स्वर्गद्वारी न.पा. सिमा सम्म जोड्ने मोटरबाटोको दायाँबायाँ बाहेकका भित्रि जग्गाहरु | आवासीय | ३००,००० |
| १५ | नयाँगाउँ साविक वडा नं. ६ टार पक्कि सडक देखि टार जोड्ने मोटरबाटोले छोएको दायाँ बायाँका जग्गाहरु | व्यवसायिक | ५००,००० |
| | | आवासीय | ५००,००० |
| | | कृषि | ५००,००० |
| १६ | नयाँगाउँ साविक वडा नं. ६ टार पक्कि सडक देखि टार जोड्ने मोटरबाटो दायाँ बायाँ बाहेकका भित्रि जग्गाहरु | आवासीय | ४००,००० |
| १७ | गाउँपालिका जाने रिङरोडले छोएको दायाँबायाँ जग्गाहरु | व्यवसायिक | १८,००,००० |
| | | आवासीय | १६,००,००० |
| | | कृषि | १६,००,००० |
| १८ | गाउँपालिका जाने रिङरोडको दायाँबायाँ बाहेकका भित्रि जग्गाहरु | आवासीय | ८००,००० |
| १९ | माण्डवी ३ सेउलीघारी देखि झोलुंगे पुल सम्म जोड्ने मोटर बाटोले छोएका दायाँबायाँ जग्गाहरु | व्यवसायिक | १२,००,००० |
| | | आवासीय | १०,००,००० |
| | | कृषि | १०,००,००० |

माण्डवी गाउँपालिका

| | | | |
|---|---|---|---|
| २० | माण्डवी ३ सेउलीघारी देखि झोलुंगे पुल सम्म जोड्ने मोटर बाटोको दायाँबायाँ बाहेकका भित्रि जग्गाहरु | आवासीय | ५००,००० |
| २१ | सडकले नछोएको अन्य आवासीय जग्गाहरु | आवासीय | २००,००० |
| १५ | सडकले नछोएको कृषि योग्य जग्गाहरु (साविक नयाँगाउँ १ देखि ९ सम्मका जग्गाहरु) | अब्बल (खेत) | १,२०,००० |
| | | अब्बल (पाखो) | ४५,००० |
| | | दोयम (खेत) | ९५,००० |
| | | दोयम (पाखो) | ५०,००० |
| | | सिम (खेत) | ८५,००० |
| | | सिम (पाखो) | ४५,००० |
| | | चाहर (खेत) | ६५,००० |
| | | चाहर (पाखो) | ४०,००० |
| | | प्रति/बाँझो खर | १६,००० |

# ४) वडा नं. ४, उदयपुरकोट

| माण्डवी गाउँपालिका वडा नं ४ अन्तर्गतका जग्गाहरुको न्युनतम मुल्यांकन | | | |
|---|---|---|---|
| **क्र.सं.** | **सडक/क्षेत्र** | **बर्गिकरण क्षेत्र** | **न्युनतम मुल्यांकन रकम रु. (प्रति रोपनी)** |
| १ | जस्पुर देखि धनचौर हुँदै उदयपुरकोट सडकको दायाँबायाँ | व्यवसायिक | २००,००० |
| | | आवासीय | २००,००० |
| | | कृषि | १००,००० |
| २ | नयाँगाउँ वडा कार्यालय देखि धन्चौर हुदै उदयपुरकोट सडकको दायाँबायाँ | व्यवसायिक | २००,००० |
| | | आवासीय | २००,००० |
| | | कृषि | १००,००० |
| ३ | स्याउलीघारी देखि सल्लिखर्क-सिरवारी लेखखर्क हुदै उदयपुरकोट सडकको दायाँबायाँ | व्यवसायिक | २००,००० |
| | | आवासीय | २००,००० |
| | | कृषि | १००,००० |
| ४ | हिरङखोला देखि नर्सु-सिरवारी हुदै उदयपुरकोट सडकको दायाँबायाँ | व्यवसायिक | २००,००० |
| | | आवासीय | १००,००० |
| | | कृषि | ८०,००० |
| ५ | धन्चौर देखि भेडावारी-फुलवारी हुदै वडा कार्यालयसम्म सडकको दायाँबायाँ | व्यवसायिक | १५०,००० |
| | | आवासीय | ८०,००० |
| | | कृषि | ६०,००० |
| ६ | आपचौरबेशी देखि मुकचौर तिल्केनी हुदै उदयपुरकोट सडकको दायाँबायाँ | व्यवसायिक | २००,००० |
| | | आवासीय | १००,००० |
| | | कृषि | ८०,००० |

| | | | |
|---|---|---|---|
| ९ | सडकले नछोएका आवासीय जग्गाहरु | आवासीय | ६०,००० |
| १० | सडकले नछोएको कृषि योग्य जग्गाहरु (साविक उदयपुरकोट १ देखि ९ सम्मका जग्गाहरु) | अब्बल (खेत) | ६०,००० |
| | | अब्बल (पाखो) | ५०,००० |
| | | दोयम (खेत) | ६०,००० |
| | | दोयम (पाखो) | ५०,००० |
| | | सिम (खेत) | ५०,००० |
| | | सिम (पाखो) | ४०,००० |
| | | चाहर (खेत) | ४०,००० |
| | | चाहर (पाखो) | ३०,००० |
| | | पर्ति/बाँझो/खर | १५,००० |

# ५) वडा नं. २, रम्दी

| माण्डवी गाउँपालिका वडा नं ५ अन्तर्गतका जग्गाहरुको न्युनतम मुल्यांकन | | | |
|---|---|---|---|
| **क्र.सं.** | **सडक/क्षेत्र** | **बर्गिकरण क्षेत्र** | **प्रस्तावित मुल्यांकन रकम रु. (प्रति रोपनी)** |
| १ | साविकको रम्दी गा.वि. स वडा नं ५ मोटरबाटोको दायाँबायाँ र बजार क्षेत्रमा पर्ने जग्गाहरु | व्यवसायिक | ३००,००० |
| | | आवासीय | २००,००० |
| | | कृषि | २००,००० |
| २ | साविकको रम्दी गा.वि. स वडा नं ५ मोटरबाटोको दायाँबायाँ बाहेकका भित्रि जग्गाहरु | आवासीय | १५०,००० |
| ३ | साविकको रम्दी गा.वी स वडा नं ८ माण्डवी पुल पुरानो झोलुंगे पुल देखि पिपल चौतारासम्मको जग्गाहरु | व्यवसायिक | २४,००,००० |
| | | आवासीय | २४,००,००० |
| | | कृषि | २४,००,००० |
| ५ | साविकको रम्दी गा.वी स वडा नं ८ माण्डवी पुल पुरानो झोलुंगे पुल देखि पिपल चौतारासम्म मोटरबाटोको दायाँ बायाँ बाहेक भित्रि जग्गाहरु जग्गाहरु | | |
| | | | |
| | | | |
| ६ | चेरनेटा बजार र तिग्रा सडकको दायाँबायाँ पर्ने जग्गाहरु | व्यवसायिक | १६,००,००० |
| | | आवासीय | १६,००,००० |
| | | कृषि | ८००,००० |
| ७ | चेरनेटा बजार क्षेत्र र तिग्रामा सडकको दायाँबायाँ बाहेकका भित्रि जग्गाहरु | आवासीय | ४००,००० |
| ८ | चेरनेटा देखि ५ नं. वडा कार्यालय जाने मोटरबाटोको दायाँबायाँ पर्ने जग्गाहरु | व्यवसायिक | २००,००० |
| | | आवासीय | २००,००० |
| | | कृषि | १००,००० |
| ९ | चेरनेटा देखि ५ नं. वडा कार्यालय जाने मोटरबाटोको दायाँबायाँ बाहेकका भित्रि जग्गाहरु | आवासीय | १५०,००० |

माण्डवी गाउँपालिका

| | | | |
|---|---|---|---|
| १० | पिपल चौतारा देखि बुटवल पावर कम्पनि (झिमरुक पावर  हाउस) जाने मोटरबाटोको दायाँ बायाँ पर्ने जग्गाहरु | व्यवसायिक | ५००,००० |
| | | आवासीय | ४००,००० |
| | | कृषि | ४००,००० |
| ९ | पिपल चौतारा देखि बुटवल पावर कम्पनि झिमरुक पावर  हाउस जाने मोटरबाटोको दायाँबायाँ बाहेकका भित्रि जग्गाहरु | आवासीय | २५०,००० |
| १० | तिग्रा रिङरोड मोटरबाटो दायाँ बायाँका जग्गाहरु | व्यवसायिक | ६००,००० |
| | | आवासीय | ५००,००० |
| | | कृषि | ५००,००० |
| ११ | तिग्रा रिङरोड मोटरबाटोको दायाँबायाँ बाहेकका भित्रि जग्गाहरु | आवासीय | ३००,००० |
| १२ | कोलबोट देखि बगाले टोल  सडकको दायाँबायाँका जग्गाहरु | व्यवसायिक | ५००,००० |
| | | आवासीय | २००,००० |
| | | कृषि | १००,००० |
| १३ | कोलबोट देखि बगाले टोल सडकको दायाँबायाँ बाहेकका भित्रि जग्गाहरु | आवासीय | २५०,००० |
| १४ | सडकले  नछोएको अन्य आवसीय  जग्गाहरु | आवासीय | १००,००० |
| १५ | सडकले नछोएको कृषि  योग्य  जग्गाहरु (साविक रम्दी १ देखि ९ सम्मका जग्गाहरु) | अब्बल (खेत) | १,२०,००० |
| | | अब्बल (पाखो) | ५०,००० |
| | | दोयम (खेत) | १,२०,००० |
| | | दोयम (पाखो) | ५०,००० |
| | | सिम (खेत) | १,१०.००० |
| | | सिम (पाखो) | ४०,००० |
| | | चाहर (खेत) | ९०,००० |
| | | चाहर (पाखो) | ३०,००० |
| | | प्रति/बाँझो खर | १६,००० |

**घरतर्फको मुल्याङ्कन**

**घर तर्फको मुल्याङ्कन निम्न बमोजिम प्रस्तावित गरिएको छ ।**

| क्र.सं. | विवरण | चालु .आ.व को करका दर (रु) | **कैफियत** |
|---|---|---|---|
| १ | सबै प्रकारका छत ढलान भएको थक्लेनी ,सिमलचौर , अरङखोला,  देवीस्थान, जस्पुर देखि नयाँगाउँ, लामाचौर सम्म र चकचके देखि चेरनेटा, तिराम देखि ढाड सम्म पर्ने पक्कि सडकको दायाँबायाँ भएको  पक्की घरको मुल्य निर्धारण | १००० प्रति वर्ग फिट | न्युनतम |

| | | | |
|---|---|---|---|
| २ | सबै प्रकारका छत ढलान भएको त्रिवेणी देखि तिराम, मर्काबाङ, उदयपुरकोटमा पर्ने कच्ची सडकको दायाँबायाँ भएको पक्कि घरको मुल्यांकन | ७०० प्रति वर्ग फिट | न्युनतम |
| ३ | सिमेन्ट ढुगां, ईटाको, जडान गरी जस्ता,टाइल छानो भएको प्रति तला घर मुल्य | ३ लाख मात्र | ,, |
| ४ | ढुगां,माटो को जडान भएको र माटो ले पोतेको जस्ताको छाना भएको प्रति तला घरको मुल्य | २ लाख मात्र | ,, |
| ५ | ढुगां,माटो को जडान भएको र माटो ले पोतेको फुसको छाना भएको प्रति तला घरको मुल्य | १ लाख मात्र | ,, |

## अनुसूची-२

### मालपोत तथा भुमिकरका दर

(आ.व २०८०/०८१ देखि एकीकृत सम्पत्ती कर लगाईएकोले भूमि कर नलाग्ने)

| क्र.सं.<br>१ | जग्गाको किसिम | खेत तर्फ रु | | | | पाखो तर्फ रु. | | | | खरबारी रु. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अब्बल | दोयम | सिम | चहार | अब्बल | दोयम | सिम | चहार | |
| १ | खेत पाखो ५ रोपनी सम्म | १० | ८ | ६ | ५ | ८ | ६ | ५ | ४ | २ |
| २ | खेत पाखो ५ रोपनी भन्दा माथि १५ सम्म प्रतिरोपनी | १५ | १२ | १० | ८ | १२ | १ | ६ | ५ | ४ |
| ३ | खेत पाखो १५ रोपनी भन्दा माथि २५ सम्म प्रतिरोपनी | २० | १५ | ११ | १० | २० | १ | १ | १ | ८ |
| ४ | खेत पाखो २५ रोपनी भन्दा माथि ५० सम्म प्रतिरोपनी | २५ | २२ | २० | १६ | २२ | २ | १ | १ | १० |
| | ५० रोपनी भन्दा माथि प्रति रोपनी | ३० | २८ | २५ | २२ | २७ | २ | २ | २ | १४ |

## अनुसुचि ३
### वहाल कर

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जगा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएमा देहाय बमोजिमको वहाल कर लगाईनेछ ।

| सि.नं | विवरण | चालु .आ.व को करका दर (रु) |
|---|---|---|
| १ | भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर वा पोखरी पूरै वा आंशिक रुपले वहालमा दिएकोमा | १०% |

## अनुसुचि ४
### व्यवसाय कर



माडवी गाउँपालिका

गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा देहाय बमोजिमको व्यवसाय कर लगाईनेछ ।

| सि.नं. | राजश्वका क्षेत्रहरुको विवरण | वार्षिक दर (रु). | कैफियत |
|---|---|---|---|
| व्यापारीक वस्तुहरु | | | |
| क) | मध्यपान, धुम्रपान, ज्वेलर्स, हाडवेयर संग सम्बन्धित | | |
| १. | १ लाख देखि ५ लाख सम्म | १००० | |
| २. | ५ लाख १ देखि १५ लाख सम्म | २००० | |
| ३. | १५ लाख १ देखि १ करोड सम्म | ५००० | |
| ४. | १ करोड १ देखि ५ करोड सम्म | ७००० | |
| ५. | ५ करोड १ देखि माथी | १०००० | |
| ख) | कृषि तथा पशु सेवा सम्बन्धि | | |
| १. | १ लाख देखि ५ लाख सम्म | २५० | |
| २. | ५ लाख १ देखि १५ लाख सम्म | ५०० | |
| ३. | १५ लाख १ देखि १ करोड सम्म | ७५० | |
| ४. | १ करोड १ देखि ५ करोड सम्म | १००० | |
| ५. | ५ करोड १ देखि माथी | २५०० | |
| ग) | अन्य ब्यापारिक तथा व्यवसायिक बस्तुहरु | | |
| १. | भिडियो क्यामेरा,फोटा खिच्ने | १००० | |
| २. | घुम्ती ब्यापारी | ५०० (प्रति इजाजत पत्र) | |
| ३. | भाँडा पसल | १००० | |
| ४. | घुम्ती पसल स्थानीय साप्ताहिक | २०० | |
| ५. | घुम्ती पसल बाह्य साप्ताहिक | १००० | |
| ६. | कपडा पसल | ५०० | |
| ७. | सूचीकार टेलर्स | १०० | |
| ८. | जुत्तासिउने पसल | १०० | |
| ९. | राइस मिलकुटनी पीसानी घरायसि प्रयोजन | २०० | |
| १०. | राइस मिलकुटनी पीसानी व्यबसायिक प्रयोजन | ६०० | |
| ११. | कस्मेटिक पसल | ५०० | |
| १२. | हजाम पसल | ५०० | |
| १३. | सामान्य चिया पसल मात्र | १०० | |
| १४. | होटेल एण्ड लज | १००० | |
| १५. | आरन /काठका ठेकि तथा अन्य सामान पसल | ८० | |
| १६. | डोका ,डालो लगाएत अन्य निगालो र बाँस जन्य सामानको पसल | ८० | |
| १७. | हाते कागज,अल्लो प्रशोधन,होजियारी | १०० | |
| १८. | कभर्ड हल –व्यायाम शाला | २०० | |
| १९. | इन्धन तथा अन्य इन्धन आपूर्ति सम्बन्धि व्यवसाय (५ लाख १ देखि १५ लाख सम्म) | २००० | |
| २०. | इन्धन तथा अन्य इन्धन आपूर्ति सम्बन्धि व्यवसाय (१५ लाख १ देखि ५० लाख सम्म) | ५००० | |
| २१. | इन्धन तथा अन्य इन्धन आपूर्ति सम्बन्धि व्यवसाय (५० लाख देखि माथी) | १०००० | |
| २२. | इन्धन विक्रि पसल (ड्रममा राखेर),एल.पि ग्यास | ३०० | |
| २३. | फर्निचर पसल | १००० | |
| २४. | खाद्यन्न किराना पसल थोक विक्रेता | १००० | |

| | | | |
|---|---|---|---|
| २५. | खाद्यन्न किराना पसल खुद्रा विक्रेता | ५०० | |
| २६. | वैदेशिक रोजगारमा पठाउने संस्था हाउजिङ कम्पनि | ५००० | |
| २७. | उद्योग संघसंस्था  आदिमा स्वदेशको लागि जनशक्ति सप्लाई गर्ने | १००० | |
| २८. | घरजग्गा खरीद विक्रि | ४००० | |
| २९. | पंचेवाजा | निशुल्क | |
| ३०. | वेण्डवाजा | ५०० | |
| ३१. | सित भण्डार | १००० | |
| ३२. | टेण्ट हाउस | १००० | |
| ३३. | हाफ क्याटरीङ | १००० | |
| ३४. | साईवर क्याफे | ५०० | |
| ३५. | मासु (खसि, कुखुरा, रागा, वंगुर आदी)  विक्रेता | १००० | |
| ३६. | फलफूल तरकारी पसल | १५० | |
| ३७. | होम स्टे | ३०० | |
| ३८. | स्टेशनरी | २५० | |
| ३९. | व्युटिपार्लर | १००० | |
| ४०. | माछा मार्ने पेशेवर (व्यवसाय) | २५० | |
| **घ)** | **मर्मत सेवा** | | |
| १. | सवारी साधन मर्मत ग्यारेज | १००० | |
| २. | रेडियो, घडि, टि.भि, आदी ईलेक्ट्रोनिक सामान | ५०० | |
| ३. | ग्यास चुलो सेल्स पम्प टायर पम्प पञ्चर ग्यास विलडिङ वक्सा मर्मत गर्ने साईकल रीक्सा लुगा सिउने मेसिन अन्य फोटोकपि ब्याग | ५०० | |
| **ङ)** | **वित्तीय सेवा** | | |
| १. | बैंक नेपाल सरकारकबाट सम्बन्धन क बर्गको इजाजत | २०००० | |
| २. | बैंक नेपाल सरकारकबाट सम्बन्धन ख बर्गको इजाजत | १२००० | |
| ३. | फाइनान्स तथा लघु वित्त | ६००० | |
| ४. | बहुउद्देश्यीय सहकारी –ऋण, वचत (कार्यालय स्थापना भई संचालन भएको खण्डमा) | २००० | |
| ५. | रेमिट्यान्स, विमा कम्पनि | १००० | |
| ६. | कृषि सहकारी | १०० | |
| **च)** | **स्वास्थ्य सेवा** | | |
| १. | औषधी पसल, क्लिनिक, ल्यावहरु | १००० | |
| २. | दाँत बनाउँने/आँखा सम्बन्धित पसल | १००० | |
| ३. | आयुर्वेदिक  पसल | ५०० | |
| ४. | गैर सरकारी अस्पताल, ल्यावहरु | १०००० | |
| ५. | नर्सिङ होम | ८००० | |
| **छ)** | **तालिम तथा प्रशिक्षण केन्द्रहरु** | | |
| १. | तालिम तथा अनुसन्धान , कम्प्युटर टाईपिङ, कम्प्युटर तथा प्रशिक्षण ,निजि क्षेत्र वाट दिईने शिक्षा तथा कोचिङ्ग सेन्ट लगायत फोटोकपी  समेत संचालन भई काम गर्ने हरुको हकमा | ५०० | |
| २. | कम्प्युटर तथा प्रशिक्षण ,निजि क्षेत्र वाट दिईने शिक्षा तथा कोचिङ सेन्टर | ५०० | |
| **ज)** | **शैक्षिक संस्था निजी क्षेत्रका विद्यालय** | | |
| १. | मा.वि. तह | ५००० | |
| २. | आधारभूत तह | ३००० | |

| | | | |
|---|---|---|---|
| ३. | प्रा.वि तह | २००० | |
| ४. | मन्टेश्वरी | १००० | |
| **झ)** | **विशेषज्ञ परामर्श तथा व्यवसायिक सेवा** | | |
| १. | डाक्टर | २००० | |
| २. | कविराज होमियोपेथिक आयुर्वेद डाक्टर | २००० | |
| ३. | ईन्जीनियर | २००० | |
| ४. | कानुन व्यवसायी | २००० | |
| ५. | लेखापरिक्षक | २००० | |
| ६. | वीमा एजेन्ट | २००० | |
| ७. | सर्भेयर | १००० | |
| ८. | सबै प्रकारको कन्सलटेन्सि | २००० | |
| ९. | शेयर दलाल | २००० | |
| १०. | अनुवादक | १००० | |
| ११. | टेलिचलचित्र, वृत्तचित्र निर्माण परामर्श सेवा, अनुसन्धान तथा परामर्श दाता | ३००० | |
| १२. | संस्थागत पेन्टर | ३००० | |
| १३. | लेखापढी | २००० | |
| **ञ) निर्माण व्यावसायी** | | | |
| १. | श्रेणि क | १५००० | |
| २. | श्रेणि ख | १०,००० | |
| ३. | श्रेणि ग (भवन निर्माणकर्ता ठेकेदार समेत) | ८००० | |
| ४. | श्रेणि घ (भवन निर्माणकर्ता ठेकेदार समेत) | ५००० | |
| दर्ता भई श्रेणी अनुसार अनुसार अनुमति प्राप्त नगरेका अन्य निर्माण व्यवसायीहरुबाट निम्नानुसार वर्गीकरणको आधारमा गाँउपालिकाबाट अनुमति लिएर व्यवसाय गर्ने र निम्नानुसार कर लिने | | | |
| १. | श्रेणि क (१ देखि २ लाख सम्म) | २५०० | |
| २. | श्रेणि ख ( २ लाख १ देखि ३ लाख सम्म) | १५०० | |
| ३. | श्रेणि ग  ( ३ लाख १ देखि ५ लाख सम्म) | १००० | |
| **ट)** | **उद्योग व्यवसाय** | | |
| १. | १ लाख सम्म | ५०० | |
| २. | १ लाख १ देखि ३ लाख सम्म | १००० | |
| ३. | ३ लाख १ देखि ५ लाख सम्म | १५०० | |
| ४. | ५ लाख १ देखि  २० लाख सम्म | २००० | |
| ५. | २० लाख १ देखि १ करोड सम्म | ३००० | |
| ६. | १ करोड १ देखि ५ करोड सम्म | ५००० | |
| ७. | ५ करोड १ र सो भन्दा माथि | १०००० | |
| **ठ)** | **संचार सेवा  व्यवसाय एफ.एम समेत** | | |
| १. | १ लाख सम्म | ५०० | |
| २. | १ लाख देखि २ लाख ५० हजार सम्म | ६०० | |
| ३. | २ लाख ५० हजार भन्दा माथी | ८०० | |
| ४. | एफ.म रेडियो, केबुल च्यानल, पत्रपत्रिका प्रकाशन सेवा | १००० | |
| ५. | मोवाईल टावर ठुलो एकमुस्ट | ६००० | |
| ६. | मोवाईल टावर सानो | ३००० | |
| ७. | इन्टरनेट टावर | २००० | |

## अनुसूची ५
## जटीबुटी,जीवजन्तु र कवाडी कर

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवारमा देहाय बमोजिमको लगाईनेछ ।

| क्र.सं. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १. | खोटो प्रति के.जी. | १ | |
| २. | प्राकृतिक श्रोत उपयोग शुल्क | ५००० | |
| ३. | जडीबुटी खरिद बिक्रि | ३००० | |
| ४. | टिमुर प्रति के.जि | १० | |
| ५. | तेजपात प्रति के.जि. | ३ | |
| ६. | दालचिनी प्रति के.जि. | ३ | |
| ७. | चिउरी विया प्रति के.जि | १ | |
| ८. | कुरीलो प्रति के.जि. | ३ | |
| ९. | फलामजन्य कवाडी प्रति के.जि | ३ | |
| १०. | प्लाष्टिक जन्य कवाडी प्रति के.जि | ३ | |
| ११. | कागजजन्य कवाडी प्रति के.जि | ३ | |
| १२. | आल्मुनियम सामानको प्रति के.जी | १० | |
| १३. | सिसाजन्य सामान प्रति के.जी | ०.५ | |
| १४. | श्रीखण्ड प्रति क्यु फिट | २० | |
| १५. | खयर प्रति के.जी | १० | |
| १६. | सिमल ५ फिट सम्म | ३०० | |
| १७. | सिमल ७ फिट सम्म | ५०० | |
| १८. | सिसौ प्रति बोट | ५०० | |
| १९. | बाँस प्रति बोट | १० | |
| २०. | सल्ला प्रति बोट | २०० | |
| २१. | अन्य काठ प्रति बोट | २०० | |
| २२. | प्रयोग गरेका पुराना काठ सिफारिस | ५०० | |
| २३. | मृत वा मारिएका जिबजन्तुको हाड,सिङ, प्वाँख, छाला | प्रति के.जी रु.२० | |
| २४. | खसी, बोका, बाख्रा, राँगा, भैसी निकासी कर | प्रति गोटा रु.५० | |

## अनुसूची ६
## सवारी साधन कर

गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लगाईनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

| क्र.सं | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १ | रिक्सा | ५० | गाउँपालिकाले टाँगा, रिक्सा, अटो रिक्सा, ईरिक्साको सवारी करको दर निर्धारण तथा संकलन गरि आफ्नो कोषमा जम्मा गर्न सक्नेछन |
| २ | अटो रिक्सा | ५०० | |
| ३ | ईरिक्सा | ५०० | |

## अनुसूची ७
## विज्ञापन कर

गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा देहाय बमोजिम विज्ञापन कर लगाईनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

| क्र.सं | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १. | होडिङ वोर्ड प्रति वर्ग फिट | ८० | |
| २. | डी.पि.एस. वोर्ड प्रति वर्ग फिट | ७० | |
| ३. | डिजिटल वोर्ड | १०० | |
| ४. | वाल पेन्टिङ | २० | |
| ५. | तुल व्यानर प्रति गोटा | ५० | |
| ६. | माथि उल्लेखित प्रकरण वाहेकका हकमा प्रति वर्ग फिट | १० | |
| ७. | व्यानर प्रति मिटर | ४० | |
| ८. | व्यानर व्यापारिक प्रति गोटा | १० | |
| ९. | गेट राख्न गा.पा को स्वीकृति लिएर प्रति मिटर | १०० | |
| १०. | प्रचार प्रसार रिक्सावाट माईकिङ गर्दा प्रति दिन | ५० | |
| ११. | प्रंचार प्रसार गाडी वाट | १०० | |

## अनुसुचि ८
## मनोरञ्जनात्मक कर

गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा देहाय बमोजिम मनोरञ्जनात्मक कर लगाइनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ।

| क्र.सं | विवरण | दर |
|---|---|---|
| १. | मनोरञ्जन कर ऐतिहासिक पुरातात्वीक एवं धार्मिक स्थल हरुको व्यवस्थापन गरी स्थानीय वासीहरुको सहकार्यमा प्रवेश शुल्कको व्यवस्था गरी पर्यटकहरु वाट गा.पा ले लिंव मनोरञ्जन कर | प्रवेश शुल्कको २% रकम |
| २. | साँस्कृतिक प्रदर्शन हल, नाच घर , दोहारी संगीत तथा अन्य मनोरञ्जन सामग्री प्रदर्शनीमा लाग्ने मनोरञ्जन कर | प्रवेश शुल्कमा २ % |
| ३. | जादु, सर्कश, चटक र मेला आयेजना स्थलमा मनोरञ्जन कर वापत अनुमतिका लागी गरीने सिफारिसका दस्तुरका अतिरीक्त शुल्क | प्रत्येक दिन रु २००।– |

## अनुसुचि ९
## वहाल बिटौरी शुल्क



माछ्रे गाउँपालिका

गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका देहाए अनुसार हाट बजार वा पसलमा देहाए अनुसारको वहाल बिटौरी शुल्क लगाईनेछ ।

| क्र.सं | विवरण | दर | कैफियत |
|---|---|---|---|
| १. | माछा मासु विक्रि सम्वन्धि | दैनिक रु. ५० | |
| २. | कपडा तथा जुत्ता सम्वन्धि व्यवसाय | दैनिक रु. ५० | |
| ३. | तरकारी तथा फलफुल व्यवसाय | दैनिक रु. ५० | |
| ४. | खाद्यान्न सँग सम्वन्धित | दैनिक रु. ५० | |
| ५. | पशुपंक्षी विक्रीसँग सम्वन्धित | दैनिक रु. ५० | |
| ६. | परम्परागत शिप सँग सम्वन्धित | दैनिक रु. १० | |
| ७. | अन्य व्यवसाय सँग सम्वन्धित कर | दैनिक रु. १०० | |
| ८. | वहाल बिटौरी कर मासिक | रु.१०० | |

## अनुसुचि १०
## पार्किङ शुल्क

गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत देहाय बमोजिम पार्किङ शुल्क लगाईनेछ ।

| क्र.सं | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १. | चार पांग्रे ठुला वस, ट्रक, लरी अन्य हेवि गाडी (प्रतिपटक) | ५० | |
| २. | चार पांग्रे साना माईक्रो कार अन्य साना गाडी (प्रतिपटक) | ३० | |
| ३. | विदेशी वस , ट्रक, लरी अन्य हेवी गाडी (प्रतिपटक) | ५० | |
| ४. | विदेशी माईक्रो कार , जिप अन्य साना गाडी (प्रतिपटक) | ४० | |
| ५. | दुई पांग्रे सवारी (प्रतिपटक) | १० | |
| ६. | अटो, इरिक्सा (प्रतिपटक) | २० | |

## अनुसुचि ११
## र्याफ्टिङ र ट्रेकिङ कर

